# बोलपत्र आह्वानको सूचना
# नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र
## टेकु, काठमाण्डौ

पौष्टिक आहार खरिद सम्बन्धी शिलवन्दी बोलपत्र

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७४।१०।११

ठेक्का नं. ०१

१. यस केन्द्रको आ.व.०७४।७५ को स्विकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न ए आर टी सेन्टरहरुमा ए आर भी औषधि खाइरहेका गर्भवती महिला तथा १५ बर्ष मुनिका बालबालिकाहरुको लागि आवश्यक पर्ने पौष्टिक आहार सम्बन्धी शिलवन्दी बोलपत्रबाट खरिद गर्न योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तगत यो बोलपत्र सूचना आव्हान गरिएको छ ।

२. राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र सम्वन्धित कारोवार गर्ने फर्मले बोलपत्र दस्तूर रू. ३०००।- (अक्षरेपी तिन हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रमा नगद वुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस केन्द्रवाट वोलपत्र फाराम खरिद गर्न सक्नेछन् । शिलबन्दी बोलपत्र हुलाक तथा कुरियरबाट पनि पठाउन सकिने छ तर कुरियर तथा हुलाकबाट पठाएको बोलपत्र पनि तोकिएको समय सिमा भित्र यस केन्द्रमा दर्ता भै सक्नुपर्ने छ । तोकिएको समय सिमा पछि यस केन्द्रमा प्राप्त भएको बोलपत्र मान्य हुने छैन । बोलपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७४।७५ का लागि नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा सो सम्वन्धी कारोवार गर्ने फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १० को टिकट टाँसी बोलपत्र खरिद गर्न निवेदन साथ पेश गर्नुपर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र खरिद गरेको बोलपत्र रीतपूर्वक भरी ३१ औ दिनको १२.०० वजे भित्र यस केन्द्रमा  शिलबन्दी गरी दर्ता गराई

सक्नुपर्नेछ। दर्ता भएको बोलपत्रहरू ३१ औं दिनको १:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिनेछन्। बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि शिलवन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४ शिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापतको २.५% ले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक टेकु स्थित धरौटी खाता नं. १७००२०३०००००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त क श्रेणीको बाणिज्य बैंकको बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ। बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५ प्रतिशत वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस केन्द्रको नाममा जारी भएको परफर्मेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफर्मेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन। परफर्मेन्स वण्ड कम्तीमा १ बर्ष म्याद भएको हुनुपर्नेछ।

५. बोलपत्रदाताले पौष्टिक आहार यस केन्द्रको स्टोर सम्म आफ्नै खर्चमा ढुवानी गर्ने गरी सप्लाई गर्नुपर्ने छ। उक्त पौष्टिक आहार २०७५ असार २० भित्र यस केन्द्रमा बुझाई दाखिला गराई सक्नु पर्ने छ।

६. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ। फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। यस केन्द्रबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन। सर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्रलाई मुल्याङ्कनमा समावेस गरिने छैन।

७. बोलपत्रदाताले बोलपत्रफाराममा उल्लेख भएका सामानहरुको दररेट पेश गर्दा आफुले यस केन्द्रमा सप्लाई गर्ने पौष्टिक आहारको उत्पादक कम्पनीको नाम, उत्पादक कम्पनीलाई खाद्द प्रविधि तथा गुण नियन्त्रण विभागबाट पौष्टिक आहार उत्पादनको लागी प्रदान गरेको स्विकृतिको प्रमाणपत्र र गुणस्तर चिन्ह प्रमाण पत्र (ISO Certified) को प्रमाणीत प्रतिलिपि साथै यस बर्षको लागी

बोलपत्रदातालाई पौष्टिक आहार उपलब्ध गराउने फर्मसंगको सम्झौतापत्रको सक्कल प्रती र कम्पनीको आधिकारीक पत्र (Authorization Letter of Industry) साथै उक्त कम्पनीबाट उत्पादित पौष्टिक आहारको नमूना दुई थान (नमुनामा कम्पनीको नाम, व्याच न., उत्पादन मिति र म्याद गुज्रिने मिति स्पष्ट खुलेको हुनुपर्नेछ) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नमूना र माग गरेको कागजातहरु पेश नभएका बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

८. बोलपत्रमा उल्लेख भएको परिमाणमा स्विकृत बजेट अनुसार थपघट हुन सक्नेछ । थपघट भएमा बोलपत्रदाताले स्विकृत दररेटमा नै यस केन्द्रको स्टोरमा बुझाउनु पर्ने छ । उक्त परिमाण थपघट भएको अवस्थामा कुनै किसिमको दाबी विरोध गर्न पाइने छैन ।

९. वोलपत्र मूल्याङ्कन गर्नुभन्दा अगावै पेश गरेको नमूना खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रयोगशालामा पठाई गुणस्तर जाँच गराउँदा यस केन्द्रले वोलपत्रमा उल्लेखित स्पेसिफिकेशन अनुसारको हुनुपर्नेछ र नभएका वोलपत्रदाताहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन् ।

१०. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र स्विकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । साथै बोलपत्रपत्रमा उल्लेख भएका सामानहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएतापनि बोलपत्रदाताले कबोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । स्विकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

११. पौष्टिक आहार सप्लाई गर्नु भन्दा अगावै सप्लाई हुने पौष्टिक आहारको दुई थान यस केन्द्रमा बुझाई सोको गुणस्तर परीक्षण पश्यात सोहि व्याँच न., उत्पादन मिति र म्याद समाप्त मिति अनुसारको पौष्टिक आहार यस केन्द्रको स्टोरमा सप्लाई गर्नुपर्नेछ । गुणस्तर परिक्षण वापत लाग्ने शुल्क वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ साथै गुणस्तर परिक्षणको रिपोटको आधारका उक्त बोलपत्रदातालाई कार्याआदेश यस केन्द्रबाट प्रदान गरीने छ र सोही अनुसार बोलपत्रदाताले कार्य सम्पन्न गर्नु पर्नेछ ।

१२. स्विकृत बोलपत्रदाताले सम्झौता अनुसार सप्लाई हुने पौष्टिक आहारको प्याकिङ यस केन्द्रले बोलपत्र फाराममा उल्लेखित स्पेसिफिकेशन अनुसार गुणस्तरमा ह्रास नहुने गरी प्याकिङ गरी बुझाउनु पर्ने छ । सोको प्रयोग गर्न मिल्ने अवधि यस केन्द्रको स्टोरमा बुझाउदा कम्तिमा ११ महिनाको हुनुपर्नेछ । सो अवधि भन्दा कम भएको पौष्टिक आहार बुझिलिइने छैन ।

१३. सप्लाई हुने प्रत्येक पौष्टिक आहारको प्याकिङ्ग वाहिर उत्पादन कम्पनीको नाम, व्याँच न., उत्पादन मिति, म्याद समाप्त हुने मिति र राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रबाट निशुल्क वितरण भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१४. कुनै बोलपत्रदाताले बोलपत्र फिर्ता पाउ भनि निवेदन दिदाँ बोलपत्र दर्ता गर्नु भन्दा अगाबै प्रोपराइटरको हस्ताक्षर गरी निवेदन साथ शिलबन्दी गरी पेश गर्नु पर्नेछ । नगरेमा बोलपत्र फिर्ता गरीने छैन ।

१५. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ साथै यस केन्द्रको Website www.ncasc.gov.np मा पनि हेर्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।